# सवाल पहिचान गोष्ठी, नवीनचोक, इलाम
# १९ पौष २०६४

## १. परिचय

आदिवासी जनजाति गैरसरकारी संस्था महासंघको सदस्य संस्था चुलाचुली युनेस्को कल्ब द्धारा इलाम जिल्लामा सञ्चालित आदिवासी जनजाति सशक्तिकरण र समावेशीकरण (JEIP) परियोजनाले जिल्ला स्थित आदिवासी जनजाति समुदायहरु तथा आदिवासी जनजातिको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई विकासको मुलधारमा समाहित गर्दै अगाडी बढाउनका लागि DANIDA HUGOU को मानवअधिकार र सुशासनको लागि २१ महिने कार्यक्रमले आदिवासी जनजातिहरुको समुदायमा महत्वपुर्ण योगदान दिएको छ । यसै क्रममा इलाम जिल्ला स्थित आदिवासी जनजातिहरुका संघ संस्थाहरुको क्षमता अभिवृद्धी तथा जनवकालत/जनपैरवी गर्ने कार्यमा कार्यगत एकता गर्ने सम्झौता भई सोही अनुशार वर्तमान अवस्थाको समस्या पहिचान गर्नका लागि इलाम जिल्लाको नगरपालिका, नविनचोकमा कार्यक्रम गोष्टि सम्पन्न गरेको छ ।

यी गोष्ठि कार्यक्रमहरु सञ्चालन गर्नलाई चुलाचुली युनेस्को कल्वको सहयोगमा नेपाल किरात महासंघको आयोजनामा विभिन्न जातिय संघ संस्था तथा अन्य संघ संस्थाका पदाधिकारी तथा प्रतिनीधिहरुको सहभागीतामा भएको थियो भने यस कायक्रमको सहजीकरण गर्ने कार्यमा किरात महासंघका अध्यक्ष भीम कुलुङ र चुलाचुली युनेस्को कल्वका सदस्य धन कुलुङले गर्नु भएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

यस गोष्टि कार्यक्रममा आदिवासी जनजातिहरुको अहिले बर्तमान अवस्थाको समस्या पहिचान गर्नका लागि इलाम जिल्लाको इलाम नगरपालिकाको नविनचोकमा भएको भेलामा छलफल तथा उद्देश्यहरु निम्न थियो ।

- इलाम जिल्लाका आदिवासी जनजातिहरुको वर्तमान समस्याहरुको पहिचान गर्ने ।
- इलाम जिल्लामा भएका समस्याहरु माथि छलफल गर्ने ।

## ३. कार्यक्रम विधि तथा प्रकृयाः

यस सञ्जालले नवलपरासी जिल्ला स्थित इलाम नगरपालिकाको नविनचोकमा एक दिनको समस्या पहिचान कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रममा सहभागितामुलक छलफल पद्दति तथा अर्न्तक्रियात्मक तरिकाले आफ्ना विचारहरुको आदन प्रदान भएको थियो ।

## ४. क्रियाकलापः

समस्याहरुको पहिचानमा सहभागीतामुलक रुपमा समुह विभाजन गरी छलफल तथा प्रस्तुतीकरणबाट निम्न कुराहरुको बारेमा प्रस्तुत भएको थियो । समस्या पहिचानको लागि एक प्रश्नको तयार गरिएको थियो ।

- समुहमा सामुहिक छलफल गरियो ।
- समस्या पहिचान गर्ने कार्य भयो ।

**के कारणले गर्दा आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुग्नलाई अवरोध गरेको छ ?**
**इलाम नगर पालिका नविनचोक (समस्या पहिचान)**

मिति २०६४-९-१९ गते विहीवारका दिन श्री भीम कुलुङको अध्यक्षताका सवाल पहिचान कार्याशाला गोष्ठि कार्यक्रम सम्पन्न गरियो । यस गोष्ठिले निम्न प्रकारका समस्याहरुको सहभागीतामुलक ढंगाले पहिचान गऱ्यो ।
समस्याहरुलाई पहिचान गर्नलाई २ वटा प्रश्नहरु माथि छलफल भएको थियो । र २ समुहमा समुह विभाजन गरिएको थियो ।

**समुह नं. १**

- शिक्षाको कमि ।
- आर्थिक अभाव ।
- क्षमताको कमि ।
- सरकारी निकायले आमन्त्रण नगरेको ।
- सरकारी श्रोत र साधनमा पहुँचको कमि ।
- भाषा संस्कृतिको विकास नगर्नु ।
- दातृ संघ संस्थाहरुले सहयोग नगर्नु ।
- आदिवासी जनजातिहरुको पेशा अनुशारको रोजगारीको अवशर नदिनु ।
- आदिवासी जनजातिहरुलाई स्रोत र साधन सम्पन्न बनाउनका लागि ( भवन,विजुली,पानी,टेलिफोन) आदि जस्ता भौतिक साधनहरुको पनि व्यवस्था नहुनु ।

**समुह नं. २**

- शिक्षाको कमि ।
- चेतनाको कमि ।
- संगठीत नहुनु ।
- सरकारी स्तर सम्म पहुँच नहुनु ।
- आर्थिक अवस्था कम्जोर ।
- भाषिक तथा संस्कृतिक विकास नहुनु ।

**कसरी आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुऱ्याउन सकिन्छ ?**

यस विषय माथि पनि २ समुहमा विभाजन गरी सहभागीतात्मक रुपमा छलफल तथा प्रस्तुतीकरण भएको थियो ।

**समुह नं. १**

- आदिवासी जनजातिहरुको चेतना विकासमा जोड दिनु पर्ने ।
- संघ महासंघहरुको विकास गर्नु पर्दछ ।
- शिक्षाको विकास गर्नु आवश्यक छ ।

- विभिन्न दातृ निकायहरुसंग सम्पर्क स्थापना गर्नु पर्दछ ।
- सरकारको आदिवासी जनजाति माथिको नीति प्रस्ट हुनु पर्दछ ।
- सुचीकृत नभएका आदिवासी जनजातिहरुलाई पनि अरु सरह बजेटको व्यवस्था हुनुपर्दछ ।

**समुह नं. २**

- चेतना अभिवृद्धी गरी ।
- केन्द्रमा रहेका संगठनलाई जिल्लामा विस्तार वा विकेन्द्रीकरण नीति अपनाउनु पर्दछ ।
- आदिवासी जनजाति सम्वन्धि नीति तथा अधिकारहरु लागु गराउन सरकारलाई दवाव दिने ।
- आदिवासी जनजाति माथिको भेदभावपुर्ण नीतिहरुलाई हटाउन र मुलप्रवाहमा ल्याउन दवाव दिने ।
- विद्यालयहरुमा भाषिक संस्कृतिक शिक्षा दिनलाई दवाव दिने ।
- सुचीकरण नभएका जाति तथा भाषाहरुलाई सुचीकरण गर्न पहल गर्ने ।

## ५. उपलब्धि वा नतिजाः

*समुहिक छलफलबाट समस्याहरुको पहिचान भयो ।

* संघ संस्थाहरु बारेमा जानकारी भयो ।

* संगठित हुनु बारेमा जानकारी

* विचारको आदान प्रदान भयो ।

* सरकारी स्रोत र साधनमा पहुँच बनाउने ।

## ६. समस्या तथा सिकाईः

- समुदायमा बुझाउन नै गाऱ्हो भयो ।
- उद्देश्य माथि प्रष्ट हुनु पर्ने ।
- विषय वस्तु माथि प्रष्ट हुनु पर्ने ।

## ७. मूल्यांकन

यस समस्या पहिचान गोष्टि कार्यक्रममा आयोजक संस्था किरात महासंघ तथा किरात कुलुङ संघका उपाध्यक्ष उदय सिं कुलुङले मुल्यांकन गर्ने क्रममा तथा कार्यक्रम समापन गर्ने क्रममा हाम्रो यस इलाम जिल्लाका आदिवासी जनजाति सम्बन्धि विभिन्न समस्याहरु छन् ती समस्याहरुलाई कसरी समाधान गर्ने भन्ने हाम्रो आजको चुनौतिको विषय छ । यस्ता समस्याहरु हामी सबै आदिवासीहरु संगठित भएर समाधान गर्नु पर्दछ । आगामी संविधान सभामा आदिवासीहरुको मागहरु पनि संविधान सभामा समावेश गरिनु पर्दछ यसका लागि आदिवासीहरु एक जुट हुनु पर्दछ । अर्को कुरा हामी यहाँ संगठनमा आवद्ध छौ तर केन्द्रका केन्द्रीय सदस्यहरुले जिल्ला तहमा विकेन्द्रीकरण नीति लिनु पर्छ भन्ने आग्रह गर्दछ । समग्रमा यस आजको कार्यक्रम अति महत्वपुर्ण छ । यसकार्यक्रम आयोजन गर्न सहयोग गरेकोमा चुलाचुली युनेस्को कल्वलाई हामी सहभागीहरुको तर्फबाट र हामी आयोजकको तर्फबाट आभार व्यक्त गर्दछौ यस्तो जनचेतना संग सम्बन्धित वा आदिवासी संम्वन्धित कार्यक्रमहरुको यस कल्वसंग सधै आशा गर्दछौ । धन्यवाद ।

# सवाल पहिचान गोष्ठी, जितपुर, इलाम
# २१ पौष २०६४

## १. परिचय

आदिवासी जनजाति गैरसरकारी संस्था महासंघको सदस्य संस्था चुलाचुली युनेस्को कल्व द्धारा इलाम जिल्लामा सञ्चालित आदिवासी जनजाति सशक्तिकरण र समावेशीकरण (JEIP) परियोजनाले जिल्ला स्थित आदिवासी जनजाति समुदायहरु तथा आदिवासी जनजातिको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई विकासको मुलधारमा समाहित गर्दै अगाडी बढाउनका लागि DANIDA HUGOU को मानवअधिकार र सुशासनको लागि २१ महिने कार्यक्रमले आदिवासी जनजातिहरुको समुदायमा महत्वपुर्ण योगदान दिएको छ । यसै क्रममा इलाम जिल्ला स्थित आदिवासी जनजातिहरुका संघ संस्थाहरुको क्षमता अभिवृद्धी तथा जनवकालत ⁄जनपैरवी गर्ने कार्यमा कार्यगत एकता गर्ने सम्झौता भई सोही अनुशार वर्तमान अवस्थाको समस्या पहिचान गर्नका लागि इलाम जिल्लाको, **जीतपुर गा.वि.सको आम्वोटे** बिद्यालयमा एक दिनको सवाल पहिचान गोष्टि कार्यक्रम सम्पन्न गरेको छ ।

यी गोष्ठि कार्यक्रमहरु सञ्चालन गर्नलाई चुलाचुली युनेस्को कल्वको सहयोगमा नेपाल किरात महासंघको आयोजनामा विभिन्न जातिय संघ संस्था तथा अन्य संघ संस्थाका पदाधिकारी तथा प्रतिनीधिहरुको सहभागीतामा भएको थियो भने यस कायक्रमको सहजीकरण गर्ने कार्यमा किरात महासंघका अध्यक्ष भीम कुलुङ र चुलाचुली युनेस्को कल्वका सदस्य धन कुलुङले गर्नु भएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

यस गोष्टि कार्यक्रममा आदिवासी जनजातिहरुको अहिले बर्तमान अवस्थाको समस्या पहिचान गर्नका लागि इलाम जिल्लाको **जीतपुर गा.वि.सको आमवोटे** विद्यालयमा भएको भेलामा छलफल तथा उद्देश्यहरु निम्न थियो ।

- इलाम जिल्लाका आदिवासी जनजातिहरुको वर्तमान समस्याहरुको पहिचान गर्ने ।
- इलाम जिल्लामा भएका समस्याहरु माथि छलफल गर्ने ।

## ३. कार्यक्रम विधि तथा प्रकृयाः

यस सञ्जालले इलाम जिल्ला स्थित जीतपुर गा.वि.स.का आमबोटे बिद्यालयमा एक दिनको समस्या पहिचान कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रममा सहभागितामुलक छलफल पद्दति तथा अर्न्तक्रियात्मक तरिकाले आफ्ना विचारहरुको आदन प्रदान भएको थियो ।यस कार्यक्रममा छलफल गर्नलाई सजिलो होस भन्नलाई २ वटा प्रश्नहरुको तयार गरिएको थियो ।

१. के कारणले गर्दा आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुग्नलाई अवरोध गरेको छ ?

२.कसरी आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुऱ्याउन सकिन्छ ?

## ४. क्रियाकलापः

समस्याहरुको पहिचानमा सहभागीतामुलक रुपमा समुह विभाजन गरी छलफल तथा प्रस्तुतीकरणबाट निम्न कुराहरुको बारेमा प्रस्तुत भएको थियो । समस्या पहिचानको लागि एक प्रश्नको तयार गरिएको थियो ।

- समुहमा सामुहिक छलफल गरियो ।
- समस्या पहिचान गर्ने कार्य भयो ।

**के कारणले गर्दा आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुग्नलाई अवरोध गरेको छ ?**
**जीतपुर गा.वि.स को आमवोटे विद्यालयमा (समस्या पहिचान)**

मिति २०६४-९-२१ गतेका दिन श्री भीम कुलुङको अध्यक्षताका सवाल पहिचान कार्याशाला गोष्ठि कार्यक्रम सम्पन्न गरियो । यस गोष्ठिले निम्न प्रकारका समस्याहरुको सहभागीतामुलक ढंगाले पहिचान गऱ्यो ।
समस्याहरुलाई पहिचान गर्नलाई २ वटा प्रश्नहरु माथि छलफल भएको थियो । र २ समुहमा समुह विभाजन गरिएको थियो ।

**समुह नं. १**

- जातिय भेदभाव हुनु ।
- शिक्षाका कारण ।
- चेतनाको कमि ।
- सुचनाको कमि ।
- जातिय भाषाको विकास नभएको कारण ।
- राज्यको आदिवासी जनजाति माथिको विभेदपुर्ण नीति ।
- आदिवासी जनजातिहरुको पक्षको नीतिहरु लागु नहुनु ।

**समुह नं. २**

- शिक्षाको विकास नहुनु ।
- चेतनाको कमि ।
- संगठीत नहुनु ।
- सरकारी स्तर सम्म पहुँच नपुग्नु ।
- आदिवासी अधिकार लागु नहुनु ।
- भाषिक तथा संस्कृतिक विकास नहुनु ।

**कसरी आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुऱ्याउन सकिन्छ ?**

यस विषय माथि पनि २ समुहमा विभाजन गरी सहभागीतात्मक रुपमा छलफल तथा प्रस्तुतीकरण भएको थियो ।

**समुह नं. १**

- आ/ज चेतना विकासमा जोड दिनु पर्ने ।
- संघ संस्थाहरुको विकास गर्नु पर्दछ ।
- शिक्षाको विकास गर्नु पर्दछ ।
- सरकारले आदिवासी जनजातिहरुको नीति माथिको प्रस्ट हुनु पर्दछ ।
- सुचीकृत नभएका आदिवासी जनजातिहरुलाई पनि बजेटको व्यवस्था हुनुपर्दछ ।
- आ/ज सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुको राज्यले लागु गर्नु पर्दछ ।

**समुह नं. २**

- आदिवासी जनजातिहरुको शैक्षिक विकासमा जोड दिनु पर्ने ।
- आदिवासी जनजातिहरुको संगठन निर्माण गरी संगठित हुनु पर्दछ ।
- राजनैतिक क्षेत्रमा आदिवासी जनजातिहरुलाई सहभागीता गरिनु पर्ने ।
- आदिवासी जनजातिहरुको भाषिक विकासको लागि राज्यले नीति तयार गर्नु पर्ने ।
- आदिवासी सम्वन्धि अन्तराष्ट्रिय कानुन तथा नीति लागु गर्नु पर्ने ।

## ५. उपलब्धि वा नतिजाः

* समुहिक छलफलबाट समस्याहरुको पहिचान भयो ।
* संगठित हुनु बारेमा जानकारी
* संघ संस्थाहरु बारेमा जानकारी भयो ।
* विचारको आदान प्रदान भयो ।
* सरकारी स्रोत र साधनमा पहुँच बनाउने ।

## ६. समस्या तथा सिकाईः

- समुदायमा बुझाउन नै गाऱ्हो भयो ।
- उद्देश्य माथि प्रष्ट हुनु पर्ने ।
- विषय वस्तु माथि प्रष्ट हुनु पर्ने ।
- समुदायहरु विभिन्न पार्टीहरुमा विभाजन हुनु ।

## ७. मूल्यांकन

आयोजक संस्था तथा सहभागीहरुको तर्फबाट भीम कुलुङले मूल्यांकन गर्नु भएको थियो । यस इलाम जिल्लामा रहेका आदिवासी जनजातिहरुको समस्या पहिचान गरी यस चुलाचुलि युनेस्को कल्व र आदिवासी जनजाति गैरसरकारी संस्था महासंघको सहयोगमा भएको यो समस्याहरुलाई जनवकालत गर्नका लागि महत्वपुर्ण योगदान गर्दै आएको छ । यहाँ छलफलमा आएका समस्याहरुलाई क्रमश रुपमा सहयोग गर्नमा चुलाचुलि युनेस्को कल्वले महत्वपुर्ण भुमिका खेल्नेछ भन्ने हामी आम इलामका आ/जहरुले आशा राख्दछौ । संस्थाहरुले केन्द्रमा मात्र नभएर जिल्ला तथा ग्रामिण स्तर सम्म विकेन्द्रीत

हुनु पर्दछ । हामी आम सहभागीहरु तथा आफ्ना  तर्फबाट सुझाव तथा माग सहित भनाई राख्दछौ । यो कार्यक्रम दिएर हामीलाई सचेत हुनु मौका दिनु भएकोमा NGO_FONINका सदस्य सस्था CUC र प्रतिनीधि धन कुलुङलाइ हामी सहभागीहरुको तर्फबाट सधन्यवाद दिन्छौ । धन्यवाद ।

# सवाल पहिचान गोष्ठी, फिक्कल, इलाम
# २४ पौष २०६४

## १. परिचय :

आदिवासी जनजाति गैरसरकारी संस्था महासंघको सदस्य संस्था चुलाचुली युनेस्को कल्ब द्धारा इलाम जिल्लामा सञ्चालित आदिवासी जनजाति सशक्तिकरण र समावेशीकरण (JEIP) परियोजनाले जिल्ला स्थित आदिवासी जनजाति समुदायहरु तथा आदिवासी जनजातिको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई विकासको मुलधारमा समाहित गर्दै अगाडी बढाउनका लागि DANIDA HUGOU को मानवआधिकार र सुशासनको लागि २१ महिने कार्यक्रमले आदिवासी जनजातिहरुको समुदायमा महत्वपुर्ण योगदान दिएको छ । यसै क्रममा इलाम जिल्ला स्थित आदिवासी जनजातिहरुका संघ संस्थाहरुको क्षमता अभिवृद्धी तथा जनवकालत ⁄जनपैरवी गर्ने कार्यमा कार्यगत एकता गर्ने सम्झौता भई सोही अनुशार वर्तमान अवस्थाको समस्या पहिचान गर्नका लागि इलाम जिल्लाको तीन वटा क्षेत्रहरुमा (इलामको फिक्कल गा.वि.सको लाप्चा गुम्वामा) कार्यक्रम गोष्टि सम्पन्न गरेको छ ।

यी गोष्ठि कार्यक्रमहरु सञ्चालन गर्नलाई चुलाचुली युनेस्को कल्वको सहयोगमा नेपाल किरात महासंघको आयोजनामा विभिन्न जातिय संघ संस्था तथा अन्य संघ संस्थाका पदाधिकारी तथा प्रतिनीधिहरुको सहभागीतामा भएको थियो भने यस कायक्रमको सहजीकरण गर्ने कार्यमा किरात महासंघका अध्यक्ष भीम कुलुङ र चुलाचुली युनेस्को कल्वका सदस्य धन कुलुङले गर्नु भएको थियो ।

## २. कार्यक्रमको उद्देश्य :

यस गोष्ठि कार्यक्रममा आदिवासी जनजातिहरुको अहिले बर्तमान अवस्थाको समस्या पहिचान गर्नका लागि इलाम जिल्लाको इलाम फिक्कल गा.वि.सको लाप्चा गुम्वामा भएको भेलामा छलफल तथा उद्देश्यहरु निम्न थिए ।

- इलाम जिल्लाका आदिवासी जनजातिहरुको वर्तमान समस्याहरुको पहिचान गर्ने ।
- इलाम जिल्लामा भएका समस्याहरु माथि छलफल गर्ने ।

## ३. कार्यक्रम विधि तथा प्रकृया :

यस सञ्जालले नवलपरासी जिल्ला स्थित इलाम फिक्कल गा.वि.सको लाप्चा गुम्वामा एक दिनको समस्या पहिचान कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रममा सहभागितामुलक छलफल पद्दति तथा अर्न्तक्रियात्मक तरिकाले आफ्ना विचारहरुको आदन प्रदान भएको थियो ।

## ४. क्रियाकलाप :

समस्याहरुको पहिचानमा सहभागीतामुलक रुपमा समुह विभाजन गरी छलफल तथा प्रस्तुतीकरणबाट निम्न कुराहरुको बारेमा प्रस्तुत भएको थियो । समस्या पहिचानको लागि एक प्रश्नको तयार गरिएको थियो ।

- समुहमा सामुहिक छलफल गरियो ।
- समस्या पहिचान गर्ने कार्य भयो ।

**के कारणले गर्दा आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुग्नलाई अवरोध गरेको छ ?**
**इलाम नगर पालिका नविनचोक (समस्या पहिचान)**

मिति २०६४-९-२४ गते विहीवारका दिन श्री भीम कुलुङको अध्यक्षतामा सवाल पहिचान कार्याशाला गोष्ठि कार्यक्रम सम्पन्न गरियो । यस गोष्ठिले निम्न प्रकारका समस्याहरुको सहभागीतामुलक ढंगाले पहिचान गऱ्यो ।
समस्याहरुलाई पहिचान गर्नलाई २ वटा प्रश्नहरू माथि छलफल भएको थियो । र ३ समुहमा समुह विभाजन गरिएको थियो ।

**के कारणले गर्दा आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुग्नलाई अवरोध गरेको छ ?**

मिति २०६४-९-२४ गतेका दिन श्री भीम कुलुङको अध्यक्षताका सवाल पहिचान कार्याशाला गोष्ठि कार्यक्रम सम्पन्न गरियो । यस गोष्ठिले निम्न प्रकारका समस्याहरुको सहभागीतामुलक ढंगाले पहिचान गऱ्यो ।

समस्याहरुलाई पहिचान गर्नलाई २ वटा प्रश्नहरू माथि छलफल भएको थियो । ३ समुहमा समुह विभाजन गरिएको थियो ।

**समुह नं. १**

- जातिय विभेदका कारण ।
- आर्थिक,सामाजिक, शैक्षिक ,राजनैतिक कारण ।
- भौगोलिक कारण ।
- चेतनाको कमि ।
- सुचनाको कमि ।
- जातिय भाषाको विकास नभएको कारण ।
- राज्यको नीतिको कारण ।
- जातिय अन्तरविरोधको कारण ।

**समुह नं. २**

- मातृ भाषाको शिक्षामा कमि ।
- सचेतनामा वृद्धी ।
- संयुक्त राष्ट्र संघले आदिवासी जनजातिहरुको हक हितमा परेको सवै नीतिहरु कार्यन्वयन नगरेको हुनाले ।
- २०५८ सालको जनगरणा अनुशार नेपालमा जम्मा ९३ भाषाहरु रहेका छन् भने ५९ जातिको भाषालाई मात्र सुचिकरण गरी अरु भाषाहरुलाई तथा जातिहरुलाई सुचिकृत नगरिनु ।
- संघ संस्थाको मजवुद विकास नभएको र भाषाको विकासका व्यवहारिक रुपमा परिचालन नभएको कारण ।

**समुह नं. ३**

- राज्यको विभेदपुर्ण नीति र हिन्दु बादी धर्म संस्कारको पक्षपात पुर्ण नीति भएकोले ।
- राज्यले आदिवासी जनजातिहरूको विविध पक्षमा प्रसस्त लगानी नगर्नु ( भाषा,संस्कृति,शिक्षा,स्वस्थ्य,रोजगारी,राजनीतिक, चेतना अभिवृद्धी आदि )
- हाल सम्मका कुनै पनि सरकार आदिवासी जनजातिहरुलाई माथिका प्रत्येक क्षेत्रमा समावेशीकरणको सिद्धान्त अपनाउन नसक्नु ।
- राज्यलाई सञ्चालन गर्ने प्रमुख भुमिकामा गैरजनजातिको सहभागीताले गर्दा आदिवासी जनजाति प्रति उत्तरदायी नवनी विभिन्न ऐन कानुन बनाउदा आदिवासी जनजातिलाई सखाप पार्ने नीति तर्जुमा गर्नु ।
- राज्य कसरी सञ्चालन भएको छ भन्ने बारे आदिवासी जनजातिलाई थाहा नहुनु वा नदिनु ।

**कसरी आदिवासी जनजातिहरुलाई सरकारी स्रोत र साधनमा पुऱ्याउन सकिन्छ ?**

यस विषय माथि पनि ३ समुहमा विभाजन गरी सहभागीतात्मक रुपमा छलफल तथा प्रस्तुतीकरण भएको थियो ।

**समुह नं. १**

- आदिवासी जनजातिहरुको शैक्षिक विकासमा जोड दिनु पर्ने ।
- आदिवासी जनजातिहरुको संगठन निर्माण गरिनु पर्दछ ।
- राजनैतिक क्षेत्रमा आदिवासी जनजातिहरुलाई समान रुपमा सहभागीता तथा समावेशीकरण गरिनु पर्ने ।
- आदिवासी जनजातिहरुको भाषिक विकासको लागि राज्यले पहल गर्नु पर्ने ।
- जातिय संघ संस्थाहरुको क्षमता अभिवृद्धी कार्यक्रम गर्नु पर्ने ।
- आदिवासी जनजातिहरुको हक अधिकार सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनलाई राज्यले कार्यन्वयन गरिनु पर्दछ ।

**समुह नं. २**

- सबै आदिवासी जनजातिहरुको संस्थागत क्षमताको विकास गर्ने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुको कार्यन्वयन गर्नु पऱ्यो ।
- जनचेतनामुलक कार्यक्रम ल्याउनु पऱ्यो ।
- सबै आदिवासी जनजातिहरुको पहिचान हुनु पर्दछ ।

**समुह नं. ३**

- राज्यको विभेदपुर्ण नीति र हिन्दुवादी धर्म संस्कार परम्पराको अन्त्य हुनुपर्छ ।
- आदिवासी जनजातिहरुलाई समाबेशीकरणको नारालाई व्यवहारमा उतार्नु पर्दछ ।
- सुचनाको हकबाट आदिवासी जनजातिहरुलाई वन्चित गराउन नहुने ।

- संविधान सभामा राजनीतिक दलहरुले अनिवार्य रुपमा आदिवासी जनजाति सम्वन्धि लामो अनुभव भएका उम्मेदवारहरुलाई सहभागी गराई अनिवार्य रुपमा प्रतिनीधि विजय गराइनु पर्दछ ।

## ५. उपलब्धि वा नतिजा:

* समुहिक छलफलबाट समस्याहरुको पहिचान भयो ।
* संघ संस्थाहरु बारेमा जानकारी भयो ।
* संगठित हुनु बारेमा जानकारी
* विचारको आदान प्रदान भयो ।
* सरकारी स्रोत र साधनमा पहुँच बनाउने ।

## ६. समस्या तथा सिकाई :

- समुदायमा बुझाउन नै गाह्रो भयो ।
- उद्देश्य माथि प्रष्ट हुनु पर्ने ।
- विषय वस्तु माथि प्रष्ट हुनु पर्ने ।

## ७. मूल्यांकन तथा समापन :

उक्त समस्या पहिचान गोष्ठि कार्यक्रममा आयोजक संस्था किरात महासंघका अध्यक्ष भीम कुलुङले कार्यक्रम मुल्यांकन तथा समापन गर्ने क्रममा इलाम जिल्लाका आदिवासी जनजातिहरु माझ विभिन्न समस्याहरु छन् । ती समस्याहरुलाई कसरी समाधान गर्ने भन्ने हाम्रो आजको चुनौतिको विषय छ । यस्ता समस्याहरु हामी सबै आदिवासीहरु संगठित भएर समाधान गर्नु पर्दछ । आदिवासी जनजातिहरुको नाममा गा.वि.स. जि.वि.सहरु सहित विभिन्न संस्थाहरुमा आएको श्रोत कसरी प्राप्त गर्ने र आदिवासी जनजातिको विकास कार्यमा उपयोग गर्ने भन्ने विषयमा हामीले सोच्नु पर्दछ । इलाम जिल्लाका आदिवासी जनजातिहरु जो सुचीकृत छ उनीहरु सामान्य श्रोत साधनमा पुग्न थालेको भन्ने छ तर पर्याप्त छैन । सुचीकृत हुन नसकेका जातिहरु यस्तो सुविधाहरुबाट बन्चित छ । उनीहरु सूचनासमेतवाट वञ्चित भएको कुरा बताउनु भयो । आफुले आ/जहरुको नाममा आएको यस्ता बजेटको बारेमा जि.वि.स.को LDO संग कुरा गरेको र आगामि कार्यक्रमहरुमा असुचीकृत समुदायबाट पनि सहभागी गराउने आश्वसन पाएको कुरा समेत सहभागीहरु बीच व्यक्त गर्नु भएको थियो । यसका लागि सवै आदिवासीहरु एक जुट हुनु पर्दछ । समग्रमा यस आजको कार्यक्रम अति महत्वपुर्ण छ । यसकार्यक्रम आयोजना गर्न सहयोग गरेकोमा चुलाचुली युनेस्को क्लवलाई सहभागी र आयोजकको तर्फबाट आभार व्यक्त गर्नुको, साथै यस्तो जनचेतना संग सम्बन्धित वा आदिवासी संम्वन्धित कार्यक्रमहरुको सधै आशा गर्दैछ कार्यक्रमको समापन गर्नु भएको थियो ।